**पाँचखाल नगरपालिका**

**विद्यालय सञ्चालन तथा विद्यार्थी सिकाई सहजीकरण कार्यविधि २०७७**

**प्रस्तावना**: कोभिड १९ रोगको सङ्क्रमणबाट अवरुद्ध विद्यालयतहको पठनपाठन सूचारु गरी विद्यार्थीहरुको शिक्षण सिकाईलाई निरन्तरता दिन आवश्यक भएकाले पाँचखाल नगरपालिकाले विद्यालय सञ्चालन तथा विद्यार्थी सिकाई सहजीकरण कार्यविधि २०७७ बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**: १. यस कार्यविधिको नाम "विद्यालय सञ्चालन तथा विद्यार्थी सिकाई सहजीकरण कार्यविधि २०७७" रहेको छ ।

२. यो कार्यविधि नगर प्रमुखबाट स्वीकृत भएपछि लागु हुनेछ र नगर कार्यपालिकाको बैठकबाट अनुमोदन गरिने छ ।

**२. परिभाषा र व्याख्या**: विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. मन्त्रालय भन्नाले नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्दछ ।

ख. नगरपालिका भन्नाले पाँचखाल नगरपालिका सम्झनु पर्दछ ।

ग. प्रदेश भन्नाले वागमति प्रदेश हेटौडा सम्झनु पर्दछ ।

घ. निर्देशनालय भन्नाले शिक्षा विकास निर्देशनालय वागमति प्रदेश हेटौडा सम्झनु पर्दछ ।

ङ. "प्रविधि" भन्नाले शिक्षण सिकाइको लागि प्रयोगमा आउने रेडियो, एफएम रेडियो, टेलिभिजन, अनलाईन तथा अफलाईनका माध्यम भन्ने सम्झनु पर्दछ ।

च. "विद्यार्थी" भन्नाले नगरपालिका भित्रका विद्यालयमा औपचारिक, अनौपचारिक रूपमा अध्ययिरत वा विद्यालय जाने उमेरका विद्यालयबाहिर रहेका बालबालिका सम्झनु पर्दछ ।

छ. "विद्यालय" भन्नाले नगरपालिका भित्र प्रचलित कानून बमोजिम स्थापना भएको सामुदायिक तथा संस्थागत विद्यालय सम्झनु पर्दछ ।

ज. "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्दछ र सो शव्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

झ. "स्थानीय तह भन्नाले" गाउँपालिका वा नगरपालिका सम्झनु पर्दछ ।

ञ. केन्द्र भन्नाले शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी सम्झनु पर्दछ ।

दीनानाथ पन्थी
उप-सचिव

प्रमुख प्रशासकीय अधिकृत

महेश खरल
नगर प्रमुख

ट. निर्देशिका भन्नाले मन्त्रालयले जारि गरेको विद्यार्थी सिकाई तथा सहजीकरण निर्देशिका २०७७ सम्झनु पर्दछ ।

**३. परिस्थितिको विश्लेषण :** कोभिड १९ रोगको सङ्क्रमणबाट शुरक्षित रहन नेपाल सरकारले २०७६ साल चैत्र ११ गतेबाट लकडाउन शुरु गरेयता निरन्तर रुपमा विद्यालय सञ्चालन तथा विद्यार्थीहरुको शिक्षण सिकाई कृयाकलाप प्रभावित भईरहेको छ । नगरपालिकाले व्यवस्थित क्वारेण्टीन तथा आईसोलेशन वार्ड सञ्चालन गरि प्रभावित तथा सङ्क्रमित व्यक्तिहरुलाई क्वारेण्टिनमा राख्ने र पोजेटिभ केशहरु भएका व्यक्तिहरुलाई आईसोलेशनमा राखि व्यवस्थित गरिरहेको अवस्था छ । यस नगरपालिका भित्र देखिएका फाटफुट घटनाहरु बाहेक नगरपालिका महामारिको कारण त्यति वढि प्रभावित देखिदैन । यस परिस्थितिमा विद्यार्थीहरुलाई पढ्न पाउने अवसरबाट वन्चित गर्नु उपयुक्त होईन ।

**४. हालसम्म भएको प्रयाश:** लकडाउन शुरु भएयता शिक्षण सिकाईका बैकल्पिक विधिहरु जस्तै रेडियोबाट शिक्षण प्रशारण टोल शिक्षण प्रदेश तथा केन्द्रीय तहबाट रेडियो तथा टेलिभिजनबाट प्रशारण हुने शिक्षण सिकाईका कार्यक्रमहरु हेर्ने सुन्ने र सिक्ने जस्ता अभ्यासहरु लागु गरियो । नगरपालिका क्षेत्र भित्रका अधिकतम बालबालिकाहरुले यस्ता शैक्षिक कार्यक्रमबाट लाभ लिन सकेनन् । नगरपालिकाले सञ्चालन गरेको रेडियो शिक्षण कार्यक्रम पनि विद्यार्थीहरुको लागि त्यति प्रभावकारि रहेन । यसबाट प्रविधि र अन्य वैकल्पिक विधि यस नगरपालिकाको परिवेशमा सफलहुन सकेन ।

**५. राष्ट्रिय परिवेश:** मंत्रालयले विद्यार्थी सिकाई सहजीकरण निर्देशिका २०७७ जारी गरेको छ । यसले विद्यार्थीको वर्गिकरण गरि विभिन्न बैकल्पिक विधिहरुको प्रयोग गरेर सिकाई सहजीकरण गर्न दिशा निर्देशगरी विभिन्न निकायको भूमिका के हुने भन्ने समेत प्रष्ट परेको छ । निर्देशिकाको दफा ३३ को उपदफा २ र ३ ले क्षेत्र विशेषमा प्रत्यक्ष सिकाई कृयाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख गरेको छ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रले भर्चुअल शिक्षण सामग्री र विद्यार्थी स्वाध्यायन सामग्री विकास गरी वेव साईट, युट्यूवमा राख्ने तथा रेडियो र टेलिभिजनबाट निरन्तर कार्यक्रमहरु प्रशारण गरिरहेको छ । प्रविधिमा पहुँच हुने विद्यार्थीहरुले यसबाट लाभ लिन सक्ने अवस्था छ ।

**६. हाम्रो योजना:** नगरपालिका स्तरमा विद्यार्थीहरुको शिक्षण सिकाई सहजीकरणका लागि विभिन्न समयमा प्रअ बैठक, शिक्षकका पेशागत संघ/संगठनहरु(PABSON, नेपाल शिक्षक महासंघ पाँचखाल) संगको प्रत्यक्ष र भर्चुअल बैठकबाट छलफल सञ्चालन गरी परिस्थितिको विश्लेषण गर्ने कार्य भयो । मिति २०७७ भाद्र २९ गते नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा नेपाल शिक्षक महासंघ पाँचखाल र प्यव्सन पाँचखालका पदाधिकारीहरु तथा भेगीय हिसावले प्रतिनिधित्व गर्ने गरि उपस्थित प्रअहरुको बैठकबाट निर्देशिकाले निर्दष्ट गरेका सिकाई सहजीकरणका तौरतरिका र स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्वन गरि विद्यालय सञ्चालन गर्न नगरकार्यपालिकामा अनुरोध गर्ने निर्णय

दोनानाथ पन्थी
उप-सचिव
प्रमुख प्रशासकीय अधिकृत
महेश खरेल
नगर प्रमुख

भएअनुसार विद्यालय सञ्चालनको स्पष्ट कार्यविधि तयार गरेर नगरप्रमुखबाट स्वीकृत भएको मितिबाट लागुहुने गरि कार्यविधिको आधारमा विद्यालय सञ्चालन गर्ने योजना अनुसार यो कार्यविधि तयार भएको छ ।

**७. शिक्षण र विषयवस्तुको योजना**: विद्यालयले विद्यालयमा उपलब्ध विषयगत शिक्षकहरुको छलफलबाट कक्षागत रुपमा पाठ्यक्रम र पाठ्यपुस्तकमा व्यवस्था गरिएका पाठ्यवस्तुहरुलाई आवश्यकता अनुसार समायोजन गरि शिक्षणको योजना तयार गरेर लागु गर्न सक्नेछ । यसरी योजना गर्दा महत्वपूर्ण पाठ र विषयवस्तुहरु जुन माथिल्लो कक्षासंग लम्वीय रुपमा अन्तर संवन्धित र जीवनोपयोगी छन ती विषयवस्तुहरु नछुट्ने गरी योजना गर्नु पर्ने छ । शिक्षकले चैत्र महिनाको दोस्रो हप्ता सम्मको समग्र पाठयोजना र क्रियाकलाम सहितको दैनिक पाठयोजना तयार गरी पठनपाठन गर्ने व्यवस्था गर्नुपर्ने छ ।

**८. विद्यालय सञ्चालन विधि:**

क. सबै शिक्षकहरु अनिवार्य रुपमा विद्यालयमा उपस्थित हुने । स्टाफ बैठकबाट चैत्रको दोस्रोहप्ता सम्म कोर्ष पुरागर्ने गरि कार्ययोजना तया पाठयोजना तयार गर्ने । यसरी योजना गर्दा महत्वपूर्ण विषयवस्तुहरु, जीवनोपयोगी विषयवस्तुहरु र लम्वीय समन्वय भएका विषयवस्तुहरु नछुट्नेगरी गर्नुपर्ने छ ।

ख. असोज १ गते विव्यस तथा शिक्षक अभिभावक संघको बैठकबाट विद्यालय सञ्चलान गर्नेबारे निर्णय गर्ने ।

ग. असोज २ र ३ गते कक्षा शिक्षकको नेतृत्वमा कक्षागत रुपमा अभिभावक भेटघाटको कार्यक्रम राखि विद्यार्थीहरुको पठनपाठन र स्वास्थ्य सुरक्षा बारे जानकारि गराई जिम्मेवार बनाउने । बढी भिडभाड हुने भएमा कक्षागत रुपमा जोर विजोरको आधारमा गर्न सकिने छ । भेटघाटको प्रत्यक्ष अनुगमन विव्यस अध्यक्ष र प्रअले गर्ने ।

घ. विद्यालय संचालन गर्दा who तथा राज्य द्वारा निर्धारण गरीएका सुरक्षाका सम्पूर्ण उपायहरु अवलम्वन गरी सावधानिक पुर्वक संचालन गर्ने।

ङ. भौतिक दुरी कायम गर्दै विद्यालय संचालन गर्ने र बढी भिडभाड देखिने भएमा आलोपालो विधि(कक्षागत रुपमा जोर विजोर) अबलम्वन गर्ने ।

च. आधारभूत तह(१-८) सम्म सञ्चालित सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या कम रहेकाले सवैकक्षाहरु सञ्चालन हुनेछन ।

दीनानाथ पन्थी
उप-सचिव

प्रमुख प्रशासकीय अधिकृत

महेश खरेल
नगर प्रमुख

छ. नियमित पठनपाठनको अतिरिक्त विद्यार्थीहरुलाई रेडियो र टेलिभिजबाट प्रशारण हुने शैक्षिक कार्यक्रमहरु सुन्न र हेर्न लगाउने तथा प्रशारणको कार्यतालिका नियमित रुपमा विद्यार्थीहरुलाई उपलब्ध गराउने ।

ज. विद्यालयको हाताभित्र भिडभाड हुनेखालका कुनैपनि गतिविधिहरु नगर्ने, गर्न नदिने ।

झ. सेवाछेत्र भित्र विद्यालय जाने उमेर समुहका बालबालिका नछुट्ने गरी विद्यार्थी भर्ना तथा अभिलेखिकरण गर्ने ।

ञ. स्कूल वस सञ्चालन गर्ने विद्यालयहरुले विद्यार्थीको सामाजिक दुरी कायम गरी सुरक्षाका उपायहरु अपनाएर सञ्चालन गर्नुपर्ने । प्रत्येक टीपमा वसलाई सेनिटाईज गरी सञ्चालन गर्नुपर्ने ।

ट. शैक्षिक सत्र २०७६ मा अध्ययन गरेका विद्यार्थीहरुको सिकाईको जिम्मेवार मूलत सोही विद्यालय हुने । विद्यार्थी स्थानान्तरण भई जान चाहेमा बाँकी बक्यौता रकम भुक्तान गरी लब्धांक पत्र तथा चारित्रिक प्रमाणपत्र लिएर मात्र जाने ।

ठ. संस्थागत विद्यालय सञ्चालनको मूख्य स्रोत भनेको विद्यार्थी शूल्क हुने भएकाले अभिभावकहरुले विद्यार्थी भर्ना गर्दा शैक्षिक सत्र २०७६ को बाँकी वक्यौता अनिवार्य रुपमा बुझाउने ।

ड. २०७७ बैशाख देखि भाद्र मसान्त सम्म विद्यालय पूर्ण रुपमा बन्द रहेका र विद्यालय स्तरबाट अनलाईन कक्षाहरुको व्यवस्था नभएकोले संस्थागत विद्यालयहरुले आस्वीन महिना देखि मात्र शूल्क लिने व्यवस्था मिलाउने । शूल्क लिदा विद्यालयले दिने सेवा बाहेकका शीर्षकमा लिन नपाईने ।

**९. विविध:** १. कार्यविधि लागुगर्दा दुविधा भएमा वा विद्यालय सञ्चालन संवन्धी थप कुरा बुझ्नु परेमा नगरपालिकाको शिक्षा शाखामा संपर्क गरी बुझ्न सकिने छ ।

२. मन्त्रालय प्रदेश तथा केन्द्रबाट प्रेषित सूचना, निर्देशन र जानकारिहरु नियमित रुपमा वेवसाईटहरुबाट प्राप्त गरि सोको पालना गर्नुपर्ने छ ।

महेश खरेल
नगर प्रमुख

दीनानाथ पन्थी
उप-सचिव

प्रमुख प्रशासकीय अधिकृत